नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
चलानी नं.:-

प्रेस विज्ञप्ति

नेपाल वैदेशिक रोजगार व्यवसायी संघद्वारा साउन २२ गते देखि वैदेशिक रोजगार क्षेत्रका विषयलाई लिएर विभिन्न १५(पन्ध्र) बूँदे माग राखी सञ्चालन गरिरहेको ध्यानाकर्षण कार्यक्रम र मिति २०८३/०५/०१ गते देखि गन्तव्य मुलुकमा श्रमिक पठाउन बन्द गर्ने भन्ने विषयमा यस मन्त्रालयको ध्यान आकृष्ट भई आज मिति २०८३/०५/०१ गतेका दिन यस मन्त्रालयका माननीय मन्त्री र सचिव ज्यूको सहभागितामा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष, सल्लाहाकार सहितका पदाधिकारीको उपस्थितिमा छलफल सम्पन्न भयो। उक्त छलफलबाट संघले राखेका विभिन्न शिर्षकका १५ (पन्ध्र) बुँदे मागका सम्बन्धमा अधिकांश मागहरु नीतिगत सम्बोधनका विषयहरु रहेकोले उक्त मागहरु वैदेशिक रोजगार ऐन तथा नियमावली संशोधनको प्रक्रियामा समावेश भईरहेको सन्दर्भमा यथाशक्य छिटो वैदेशिक रोजगारीको क्षेत्रलाई पारदर्शी, सुरक्षित र मर्यादित बनाउने गरी उक्त संशोधन प्रक्रिया टुंग्याउन मन्त्रालय तथा संघले समेत अधिकतम प्रयत्न गर्ने र समग्र मागको सन्दर्भमा कानुन बमोजिम व्यवसायीहरुले थप प्रमाण तथा कागजात सहित वैदेशिक रोजगार विभागमा आफ्ना विषयवस्तुहरु राखी अनुरोध गरेमा विभागबाट आवश्यक प्रशासनिक सहजिकरण गर्ने तथा सो बाट समाधान नभएमा रित पुर्वक मन्त्रालयमा पुनरावेदन दिन सक्ने प्रावधान रहेको हुँदा सोही बमोजिम गर्ने गरी छलफल कार्यक्रम सम्पन्न भएको छ। नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सञ्चालन गरेका यससँग सम्बन्धित सम्पूर्ण दबावमुलक कार्यक्रमहरुसमेत आजैका मितिबाट अन्त्य गर्ने प्रतिवद्धता व्यक्त गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

मितिः २०८३/०५/०१

नेपाल संवत् ११४६ गुलाथ्व पञ्चमी

(पिताम्बर घिमिरे)
सहसचिव/प्रवक्ता

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोन:- ११४१, ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेव साईट:- www.moless.gov.np